कमलबजार नगरपालिका

श्री शारदा कुमारि बिष्ट

नगर उप प्रमुख ज्यू

द्वारा प्रस्तुत

कमलबजार नगरपालिकाको

# आ. व २०८०।०८१ को बजेट तथा कार्यक्रम

कमलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलबजार अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

१० असार २०८०

**कमलवजार नगरपालिकाको १३ औ नगरसभा बजेट तथा कार्यक्रम प्रस्तुति**

कमलबजार नगरपालिकाको नगरसभामा नगर उपप्रमुख श्री शारदा कुमारी बिष्ट ज्यू ले आर्थिक वर्ष २०८०।०८१ का लागि मिति २०८०।०३।१० मा पेश गर्नुभएको बजट तथा कार्यक्रम

श्री नगरसभाका सदस्य ज्यूहरु

कमलवजार नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत कार्यालयका सम्पुर्ण कर्मचारीहरु
सम्पुर्ण सञ्चार माध्यामका प्रतिनिधिज्यूहरु र उपस्थित तथा प्रत्यक्ष प्रशारण मार्फत सुनिरहनु भएका नगर बासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु

- सर्वप्रथम यस कमलबजार नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा गौरावाम्वित भएको छु । नगरपालिका संग सम्बन्धित सबै राजनितिक दल सरकारी तथा गैर सरकारी क्षेत्र शिक्षक बुद्दिजिवि सरोकारवाला हरु र आम नगरवासिहरुको साथ सहयोग र सहकार्यका लागी आवहान गर्दछु ।
- मुलकको साशकिय प्रणालि र समाजको आर्गगामी रुपान्तरणका लागी भएका जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमुल्य जिवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञान अज्ञयात सहिद हरु प्रति अच्च सम्मान गर्दै भावपुर्ण श्रद्धान्जली अर्पर्ण गर्दछु ।साथै सम्पुर्ण देश भक्त नागरिक हरुले राष्ट्रनिर्माण मा पुर्याउनु भएको योगदान को कदर गर्दै उच्च सम्मानका साथ स्मरण गर्न चाहान्छु ।
- विगत झै यस कमलबजार नगरपालिकाले अछाम जिल्ला भित्रका सम्पुर्ण संघ,प्रदेश र स्थानिय तह संग को सहकार्य समन्वय र सहअस्तित्व को संबैधानिक अन्तर सम्बन्ध को मान्यता लाई निरन्तरता दिदैं नगरको समग्र विकासमा आवश्यक सहयोग पुग्ने गरी कर्य सम्पादन गर्ने गराउने विश्वास दिलाउदै सोहि बमोजिमको अपेक्षा लिएको छु ।
- स्थानिय तहको दोस्रो निर्वाचन सम्मपन्न भई निर्वाचित जनप्रतिनिधि हरुले कार्यभार समालेको १ वर्ष अवधि पुरा भैसकेको छ ।यसै क्रममा नेपालको संविधान स्थानिय सरकार सन्चालन ऐन र पर्चलित कानुन तथा नगरपालिका द्धारा निर्माण भएका विभिन्न ऐन कानुनको कार्यान्वयन मार्फत विधिको शासन उपलब्धिका लागी अभ्यास गरिदै आएको छ ।

## सभाध्यक्ष तथा नगर सभाका सदस्यहरु

अब म चालु आ.व. २०७९।०८० मा यस कमलबजार नगरपालिकाको वित्तीय तथा भौतिक प्रगतिको अवस्थाको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु

- हाम्रो उच्च समन्वय र पहलबाट कमलबजार एरपोर्टको स्तरउन्नती र गैरीटाँड कमलबजार पुनेपाटा तुर्माखाँद जंगलघाट सडक कालो पत्रेका लागि भएको प्रयास स्वरुप सुदुरपश्चिम प्रदेश सरकारबाट २५ किलोमिटर कालो पत्रे सडक निर्माण गर्ने बोलपत्रको कार्य सम्पन्न भएको ।

**सामाजिक विकास तर्फ**

**स्वाथ्य**

- पिसिआर प्रयोगशाला निरन्तरताबाट कोभिड महामारीको विभिन्नरूपको संक्रमण जोखिम न्युनिकरण भएको छ ।
- कोभिड १९ बिरुद्ध खोप अभियानको निरन्तरतामा जोड दिइएको छ ।
- टाईफाईड रोग बिरुद्ध १५ वर्ष सम्मका बालबालिकाहरुलाई खोप अभियान सम्पन्न ।
- मातृ मृत्युदर कम गर्न सुत्केरीको घर सम्म गई ३ पटक अनिवार्य सुत्केरी जाँचको शुरुवात भएको छ ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सँचालनमा ल्याएको छ ।
- ८ वटा स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसुति सेवा संचालन भएको ।
- ८ वटा स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड सम्पन्न भएको ।
- सबै स्वास्थ्यहरुबाट  गाउघर क्लिनिक संचालन भएको ।
- १३ किसिमका घातक रोग बिरुद्ध नियमित खोप संचालन भएको ।
- स्थानीय तहको स्वास्थ्य सेवाको मासिक सूचना लाई अनलाईन प्रतिवेदनमा प्रविष्टगरी स्वास्थ्य अवस्थाको विष्लेषण गर्न मद्दत पुगेको छ ।
- कमलबजार प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ सैया अस्पतालमा स्तरोन्नतिका लागी अस्पताल भवन निर्माणाधिन रहेको ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकलाई भिटामिन ए खुवाए बापत यातायात खर्च बितरण ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक दिवस सम्पन्न ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक प्रोत्साहित गरिएको ।
- विद्यालयमा १० वर्ष देखि १९ वर्षसम्मका  किशोरीहरुलाई निर्देशिका बमोजिम आईरन चक्की बितरण ।
- श्वासप्रश्वास रोग नियन्त्रण तथा झाडापखाला नियन्त्रणका लागी स्वास्थ्य संस्थाबाट सेवा प्रवाह ।
- आपतकालिन स्वास्थ्य सेवाप्रवाहको सुधार गर्न नयाँ एम्बुलेन्स खरिद भएको र केहिदिनमा नै सँचालनमा ल्याइने ।
- गर्भवती निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्य अन्तरगत २५ जना महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरीएको ।
- काठमाण्डौ मेडिकलक कलेजको समन्वयमा निशुल्क बृहत स्वास्थ्य शिविर सञ्चालन गरी २२४५ जनाको स्वास्थ्य परीक्षण भएको र ३८ जनाको निःशुल्क अपरेसन सेवा सफल भएको ।
- कमलवजार अस्पताल कर्मचारी आवास निर्माण भवन सम्पन्नको चरणमा रहेको ।
- गाउघर क्लीनिकलाई आवश्यक व्यवस्थापन सामाग्री सहयोग गरिएको ।
- कुईका आधारभुत स्वास्थ्य चौकी र कवाललेख स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर सेवा सञ्चालन गर्न सुरु गरिएको ।

**<u>महिला वालवालिका शाखा तर्फ</u>**

**<u>महिला व्यक्तित्व तथा क्षमता विकास कार्यक्रम</u>**

१.महिला जनप्रतिनिधि र कर्मचारीहरु ३२ जनालाई नेतृत्व विकास, शिप तथा सशक्तिकरण तालिम दिइएको ।

२.महिला सहकारी संस्था तथा ४ वटा महिला सञ्जाल गठन तथा १२० जनालाई अभिमुखिकरण तालिम दिइएको ।

३.अन्तराष्ट्रिय महिला दिवसको अवसरमा बक्तृत्वकला र देउडा प्रतियोगिता गरी क्षमता अभिबृद्धि र स्थानीय लोकसंस्कृतिको जगेर्नामा टेवा पुगेको ।

४.लैंगिक हिंसा विरुद्ध १६ दिने सचेतनामुलक अभियानलाइ निरन्तरता दिइएको ।

## <u>बालबालिका लक्षित कार्यक्रम</u>

५.७० जना टुहुरा बालबालिकालाई विद्यालय पोषाक र स्टेशनरी सामान वितरण ।

६.३२ जना बालबालिकालाइ बालविबाह र बालश्रम न्युनिकरण सम्बन्धी अभिमुखिकरण सँचालन गरिएको ।

७.बालअधिकार समिति र बालसञ्जाल बैठक १२ पटक बसी बाल अधिकारका विषयमा सुसूचित गरिएको ।

## <u>अपांगता लक्षित कार्यक्रम</u>

८. ४५ जनाको सहभागितामा अपांगता दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम सँचालन ।

९.अपांगता समन्वय समिति बैठक, ४ पटक र अपांग शिविर तथा ३२ जनालाइ अपांगता परीचयपत्र वितरण ।

१०.अपांगता भएका ५० जना बालबालिकाहरुलाई छात्रबृत्री र पोषाक वितरण कार्यान्वयनमा रहेको ।

**जेष्ठ नागरिक लक्षित कार्यक्रम**

जेष्ठनागरिक दिवसको अवसरमा सम्मान, ४० जना जेष्ठनागरीकका हक अधिकार सम्बन्धी सरोकारवालामाझ अभिमुखिकरण कार्यक्रम सँचालन गरिएको ।

**किशोरी विकास कार्यक्रम**

विद्यालय बाहिर रहेका किशोरीहरुको तथ्यांक संकलन गर्ने कार्य कार्यन्वयन क्रममा रहेको ।

**सहकारी सम्बन्धी**

सहकारी संस्थाका पदाधिकारीहरुलाई लेखाव्यवस्थापन र सहकारी व्यवस्थापन सम्वन्धी २१ जनालाई तालिम सञ्चालन गरिएको ।

**अन्य कार्यक्रम**

- विभिन्न सरकारी तथा गै्ररसरकारी संघसंस्थासँग समन्वय तथा साँझेदारीमा कार्यक्रम सञ्चालन ।
- विभिन्न्न महिला समिति, बाल सञ्जाल ,महिला सहकारी संस्थाको अनुगमन मुल्यांकन ।
- लैंगिक हिंसा निवारण कोष र आपतकालिन बाल राहातकोषबाट २७ जना वालवालिका नगद सहयोग हस्तान्तरण र १२ जना हिंशा पिडितलाइ आर्थिक सहायता प्रदान गरिएको ।
- लैगिक हिसा प्रभावितलाई पहिचान तथा भावनात्मक सहयोग २० जनालाइ हस्तान्तरण गरिएको।
- जोखिममा रहेका वालवालिकालाई युनिसेफको आर्थिक सहयोगवाट २० जनालाई आर्थिक सहयोग गरिएको।

**न्यायिक समिति**

- न्यायिक समितिको बैठक ८ पटक वसेको ।
- १० वटै वडाहरुमा वडास्तरमा महिला सन्जाल गठन तथा लैगिक हिंसान्यूनिकरण सम्बन्धी अनुशिक्षण गरिएको।
- घरेलु हिंसा सम्बन्धी परेको निबेदन माथि आवश्यक छलफल गरी मेलमिलापकर्ता पठाएर मेलमिलाप गरेको ।
- वालविवाह न्यूनिकरणका लागि जनचेतना कार्यक्रम सञ्चालन गरिएको।
- मेलमिलापकर्ताहरुको सूचिकृत तथा पुर्नताजगि तालिम सम्पन्न गरिएको।
- न्यायिक समितिको ईजलास कक्षा निर्माण सम्पन्न गरिएको।
- न्यायिक समितिका पदाधिकारीहरुवाट अन्तर जिल्ला अवलोकन भ्रमण सम्पन्न गरिएको।
- घरेलु हिंसमा पिडित महिलाहरुलाई आवश्यकता अनुसार सम्बन्धित निकायमा प्रषण गरीएको ।

**शिक्षा तर्फ**

- विद्यार्थि मूल्याँकन अभिलेख व्यवस्थापन तालिम तथा सामाग्री वितरण ।
- वि.व्य.स. तथा शिक्षक अभिभावकसंघको पूर्णता, क्रियाशिलता तथा क्षमता विकास सम्बन्धी तालिम सम्पन्न ।
- नगरशिक्षा समितिको बैठक, सामुदायिक सिकाई केन्द्र परिचालिका तथा अध्यक्षहरुको बैठक सञ्चालन ।
- वाल शिक्षा शिक्षकको बैठक, प्र.अ.को बैठक चौमासिक रुपमा सञ्चालन ।
- नगरपालिका स्तरिय संयुक्त अनुगमन ।
- वडास्तरिय विद्यार्थि सिकाई स्तर, समिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन । शैक्षिक शत्र २०८० को शैक्षिक कार्ययोजना निर्माण तथा शैक्षिक पात्रो प्रकाशन ।
- नगरपालिका स्तरिय परिक्षा सञ्चालन तथा व्यवस्थापन ।

- शिक्षक दरवन्दी तथा विद्यार्थी अनुपातको आधारमा स्वयंसेवक शिक्षक र शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरुमा २०७९ चैत्र मसान्त सम्मको तोकिए वमोजिमको शिक्षण सहयोग अनुदान रकम विद्यालयमा निकासा भएको ।
- कमलवजार बहुमुखि क्याम्पसको लागि शिक्षण सहयोग अनुदान भुक्तानी तथा पूर्वाधार विकासको लागि घेरापर्खाल निर्माण योजना सम्पन्न भएको ।
- विद्यालय कर्मचारी तथा वालविकास केन्द्रका सहजकर्ताहरुको थप पारीश्रमिक सुविधा प्रदान गरीएको ।
- जालपादेवि मा.वि. ढाकुमा ४० जना आईएसी एजी छात्रबृति अनुदान प्रदान गरेको ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत २ वटा विद्यालयमा १४ कक्षा कोठा र प्रदेश (ख) सशर्त कार्यक्रम अन्तगत १ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ३ वटा विद्यालयमा पुस्तकालय व्यवस्थापन र २ वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट ४ वटा विद्यालयमा सूचना प्रविधि जडान कार्य भैरहेको ।
- २ वटा विद्यालयमा छात्र छात्राको लागि शौचालय निर्माण कार्यको भुक्तानी बाकी रकम निकासा ।

**आर्थिक विकास**

**(कृषि विकास )**

- ५० प्रतिशत अनुदानमा तरकारीको विउ ७८० कृषकलाई वितरण ।
- आकस्मीक वाली संरक्षण सेवा अन्तरगत ३५८ कृषकलाई विषादि तथा कृषि सामाग्री वितरण
- कृषि विकास शाखामा नयाँ कृषक समुह दर्ता तथा समुह नविकरण ४० वटा ।
- कमलवजार नगरपालिका वडा नं. ६ गैरीटाँड नौघाटै हात्तिवाँझ आलु पकेट क्षेत्र स्थापना गरी सयौ रोपनिमा आलु पकेट खेति सञ्चालन ।
- मागमा आधारित कृषि विकास सहयोग कार्यक्रम अन्तरगत एक वडा दुई जना कृषकलाई २० जनालाई अनुदान वितरण ।
- कमलवजार नगरपालिका वडा नं. ६ मा आलु बिउ भण्डारणको लागि रस्टीक स्टोर निर्माणाधिन अवस्थामा रहेको ।
- किसान सुचिकरण कार्यक्रम अन्तरगत नगरपालिकाका १० वटै वडाहरुमा गणकहरु परिचालन गरी २४०० घरधुरीको आधारभूत तथ्याँक दर्ता भईसकेको र पालिकामा सबै घरधुरीको तथ्याँक संकलन भए पश्चात किसान परिचयपत्र वितरण कार्य गरीने ।

**पशुसेवा शाखा तर्फ**

- पशुपंक्षिको उपचारको लागि औषधी खरिद गरी १९२० जना कृषक र ७६२० गाई भैसीलाई उपचार गरीएको ।
- पशुपंक्षि फर्म प्रबद्धनको लागि १ वडा १ फर्म अनुदान कार्यक्रम सञ्चालन गर्न सम्झौता भई कार्यक्रम कायान्वयन भैरहेको ।
- पशु स्वास्थ्य प्रयोगशाला (पशुपंक्षि अन्बेषण नमुना स.कलन तथा पे्रषण व्यवस्थापनको लागि सामाग्री खरिद गरिएको ।
- नश्लसुधार कार्यक्रम आरुषि पशुपंक्षि फर्ममा ४६ वटा बाख्रा खरिद र १ उन्नत जातको बयर बोका खरिद गरिएको ।
- लम्पीस्किन रोग नियन्त्रणको लागि औषधी खरिद गरी १२९९ जना कृषकको घरदैलोमा गई ४५२० गाई गोरुको उपचार गरीएको ।
- बाख्राको साना व्यवसायिक पकेट कार्यक्रम निरन्तरता ।
- ईपिडिमियोलोजिकल रिपोर्टिङ संघ तथा प्रदेशमा पठाईएको ।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सेवा ईकाई**

- कमलवजार नगरपालिकाका सबै वडाहरुमा अनलाईन घटना दर्ता कार्य भैरहेको ।
- कमलवजार नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनुशिक्षण र घटना दर्ता शिविर सञ्चालन ।
- पुराना अभिलेखवाट व्यक्तिगत घटना दर्तालाई डिजिटाईजेशन कार्य भैरहेको ।
- सामाजिक सुरक्षा तथा वाल पोषण भत्ता बैंक मार्फत वितरण गर्ने कार्य भैरहेको ।

**बहुक्षेत्रीय पोषण योजना कार्यक्रम तर्फ -**

- व्यवसायिक उद्यमशिलता प्रबर्द्धन कार्यक्रम अन्तरगत सहकारी संस्थालाई आयआर्जनको लागि अनुशिक्षण तथा अनुदान प्रदान ।
- खानेपानी तथा सरसफाई स्वचछता ऐन तथा नियमावली तर्जुमा कार्य सुरु भएको ।
- खानेपानी तथा सरसफाई सम्बन्धी अनुशिक्षण ।
- नगरपालिका स्तरीय ३ पटक र वडा स्तरीय १ पटक १० वटा वडामा बहुक्षेत्रीय पोषण योजना निर्देश समितिको बैठक सम्पन्न
- सुनौला हजार दिनका १२५ जना आमालाई तरकारीको मिनिकिट वितरण ।
- सुनौला हजार दिनका १२५ जना आमालाई पशुपंक्षि पालन समबन्धी अनुशिक्षण
- विद्यालय विमुख किसोरी ३० जना लाई प्रजन स्वास्थ्य सम्बन्धी अनुशिक्षण

**गरिवि निवारका लागि लघुउद्यम विकास कार्यक्रम तर्फः-**

- ११०६ जना नयाँ उद्यमीहरुलाई उद्यम विकास सृजना सम्बन्धी तालिम ।
- ७८ उद्यमिहरुलाई सीपविकास सम्बन्धी तालिम ।
- पुराना १०० जना उद्यमिहरुको स्तरोन्नती तालिम ।
- १५ जना नयाँ उद्यमिलाई ३ महिने आधारभूत हाउस वायसिंग तालिम ।
- नयाँ ६० जना उद्यमिलाई विउविजन, पोलिहाउस र स्प्रे हस्तान्तरण ।
- ३ जना उद्यमीलाई हेयर कटिंग तालिम ।
- २७ जना उद्यमिलाई उन्नत जातको बाखा वितरण कार्यक्रम ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

क) रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगार व्यक्तिको संख्या ३७४७ जना ।

ख) नगरपालिकाको १० वटै वडाहरुमा सञ्चालित आयोजना संख्या ३८ वटा ।

ग) १०० दिनको न्यूनतम रोजगारीमा संलग्न संख्या २८८ जना (पुरुष १३३ जना र महिला १५५ जना)

**भौत्तिक पूर्वाधार तर्फ**

क) वडा नं.-१,२,र ४ मा चार कि.मी.नयाँ सडक ट्र्याक खोलिएको ।

ख) कमलबजार बजुडा सडकको १४ सय मिटरमा ग्राभल र स्ट्रक्चरको काम भएको ।

ग) नगरपालिका, हेल्भीटास, रुडेकनेपालको साझेदारीमा ५ वटा खानेपानी योजना सम्पन्न हुने क्रममा रहेको ।

घ) संघीय खानेपानी कार्यालयको अनुदानवाट कमलवजार खानेपानी लिफ्टिंग योजना निर्माण प्रक्रिया सुरु ।

(ङ) खेलकुद पूर्वाधार कार्यक्रम अन्तरगत कवर्डहलको ट्रसछाना लगाउने कार्य भइरहेको ।

ज) झोलुङ्गेपुल निर्माण १ वटा क्रमागत योजनाको रुपमा काम भैरहेको ।

ञ) सुरक्षित नागरीक आवास कार्यक्रम अन्तरगत नगरपालिकाको १० वटै वडामा १०० जनाको खरले छाएको छाना परिवर्तन गरी जस्तापात लगाउने कार्य अन्तिम चरणमा रहेको ।

(ट) वडा नं. १० को वडा कार्यालयको समिपमा कृषी उपज भण्डार घर निर्माण कार्य सम्पन्न ।

**विद्युत लाईन विस्तार**

- नेपाल विद्युत प्राधिकरणवाट प्राप्त विद्युत पोल अत्तरीयावाट प्राप्त गरी ढुवानी गरी वडागत रुपमा वितरण गरीएको र वडा १, २, ३, ४, ५,६ ७, ८ ९ र १० मा विद्युत प्रसारण लाईन विस्ताको लागि विधुत पोल गाडने र तार तान्ने कार्य भैरहेको ।
- विद्युत लाईन विस्तारको लागि नगरपालिकावाट विद्युततार तथा अन्य सामाग्री खरिद भै वडाहरुमा वितरण गर्न कार्य भैरहेको

- नेपाल विध्युत प्राधिकरणबाट कमलबजार स्थित सव स्टेशन सम्मको विध्युत प्रसारणलाइन सम्पन्न भई बिद्युत प्रवाह भैसकेको र सो मार्फत विध्युत लाइन वितरण कार्यकालागि पहल भइरहेको छ ।

## सभाध्यक्ष तथा नगर सभाका सदस्यहरु

अव म आगामी आ.व २०८०।०८१ को स्रोत अनुमान ब्यवस्थापन र बाँडफाँड को विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु

- आगामी आ.ब. २०८०।०८१ का लागि निम्न अनुसार खर्च बेहोर्ने स्रोतको अनुमान गरिएको छ ।
- नेपाल सरकार सशर्त अनुदान विषयग शाखा २५ करोड ९६ लाख
- नेपाल सरकार राजश्व बाँडफाँड ९ करोड ३३ लाख ८ हजार
- नेपाल सरकार वित्तिय समानिकरण ८ करोड ८७ लाख
- प्रदेश सरकार वित्तिय समानिकरण ७१ लाख १२ हजार
- प्रदेश सरकार राजश्व बाँडफाँड २३ लाख ८४ हजार
- अनुमानित चालु आ.व. को जिम्मेवारी ३० लाख
- आ.व. २०८०।०८१ को अनुमानित आन्तरकि आम्दानी ३९ लाख
- विशेष अनुदान संघीय सरकार १ करोड
- संघीय समपुरक अनुदान ५० लाख ।
- समपुरक अनुदान प्रदेश सरकार ५५ लाख
- उपरोक्त अनुसार रु. ४७ करोड ८५ लाख ०४ हजार मात्रको आय अनुमान प्रस्ताव गरिएको छ । आगामी आर्थिक बर्षमा चालु तर्फ ३४ करोड ५७ लाख ०८ हजार र पुजिगत तर्फ १३ करोड २७ लाख ९६ हजार गरी जम्मा रु. ४७ करोड ८५ लाख ०४ हजार मात्रको व्यय अनुमान गरीएको छ ।

<u>विस्तृत व्यय अनुमान प्रस्ताव निम्नानुसार पेश गरेको छु ।</u>

### नेपालको संबिधानको धारा २२९ (२) बमोजिम सञ्चित कोष बाट बिनियोजन हुने रकम

| वजेट व्यहोर्ने निकाय | चालु | पुजिगत | जम्मा |
|---|---|---|---|
| नेपाल सरकार सशर्त अनुदान बिषयगत शाखा | २५०४००००० | ९२००००० | २५९६००००० |
| नेपाल सरकार राजश्व बाँडफाँड | ९३३०८६०० | ० | ९३३०८६००० |
| नेपाल सरकार बित्तिय समानीकरण | | ८८७००००० | ८८७००००० |
| प्रदेश सरकार बित्तिय समानीकरण | | ७११२००० | ७११२००० |
| प्रदेश सरकार राजश्व बाँडफाँड | | २३८४००० | २३८४००० |
| अनुमानीत चालु आ.ब. सम्मको जिम्मेवारी रकम . | | ३०००००० | ३०००००० |

| | | | |
|---|---|---|---|
| आ.ब.२०७९।८० को अनुमानीत आन्तरिक आम्दानी | २०००००० | १९००००० | ३९००००० |
| संघीय सरकार समपुरक अनुदान | | ५०००००० | ५०००००० |
| बिशेष अनुदान संघीय सरकार | | १०००००००० | १०००००००० |
| समपुरक अनुदान प्रदेश सरकार | | ५५००००० | ५५००००० |
| जम्मा | ३४५७०८६०० | १३२७९६००० | ४७८५०४६०० |

यसका साथै केन्द्रिय सरकार, प्रदेश सरकार, दातृनिकायको साझेदारी कार्यक्रम र श्रोत सुनिश्चित नभएका तोकिएर आउने अन्य कार्यक्रमहरु समाबेश गरीएको छैन ।

अन्त्यमा,

नगरको आर्थिक सामाजिक बिकासमा निरन्तर सहयोग पुर्याउने सम्पूर्ण नगरबासिहरु, बुद्धीजिबी, संचारकर्मी, करदाता, बिकासका साझेदारहरु र स्थानीय प्रशासन प्रती हार्दिक आभार प्रकट गर्न चाहन्छुँ । प्रस्तुत बजेटको नगर सभाबाट स्वीकृत हुने बिस्तृत बाँडफाड सहितको बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छुँ ।

धन्यवाद

शारदा कुमारी बिष्ट

नगर उप प्रमुख

तथा

वजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

मितिः २०८०।३।१०